" सत्य सेवा सुरक्षणम् "

## शान्ति सुरक्षा नागरिकको नैसर्गिक अधिकार,

## हरेक नागरिकको अधिकार रक्षा हाम्रो कर्तव्य !!

काठमाडौं उपत्यकामा केही समय यता गुण्डागर्दी गर्ने, फिरौती माग्ने, ठेक्का पट्टामा हिस्सा माग्ने र उद्योग व्यवसायीसंग रकम असुल गर्ने जस्ता अपराधमा केही समूह लागेको भन्ने समाचार प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । त्यस्तै, गैह्र कानूनी कीर्ते कागज बनाई बढि व्याज लिएर ऋण दिन खोज्ने र आफुले भने बमोजिम नभए आमा, बाबु, श्रीमती लगायत परिवारका अन्य सदस्यहरुलाई तर्साउने, धम्क्याउने, अपहरण गर्ने जस्ता गतिविधि हुने गरेको भन्नेमा पनि हाम्रो ध्यानाकृष्ट भएको छ । त्यस्ता आपराधिक गतिविधिमा संलग्न व्यक्ति, समूह, तिनका साथी संगति र गतिविधिबारे हामीलाई सूचना दिएर यस्ता अपराध विरुद्धको प्रहरी अभियानमा सहयोगी बन्न हामी सम्पूर्ण महानगरवासीहरुलाई विनम्र अनुरोध गर्दछौं ।

तपाईंले दिनु भएको सूचना र जानकारीका आधारमा हाम्रा जिम्मेवार अधिकृतले अनुसन्धान, अनुगमन र आवश्यक कारवाही गरी अपराधीलाई कानूनको कठघरामा उभ्याई शान्त र सुरक्षित बाँच्न पाउने तपाईंको अधिकारको रक्षा गर्नेछन्। हामी त्यस्तो सूचना र जानकारी दिने व्यक्तिको गोपनीयता भंग नहुने विश्वाश दिलाउँछौं । तर व्यक्तिगत रीसईवी वा अरु उद्देश्यले गलत सूचना दिएर प्रहरीलाई भ्रमित नगर्न हामी अनुरोध गर्दछौं, त्यसो गरेको पाइएमा दोषी माथि कानून अनुसार कडा कारवाही गरिने जानकारी गराउन चाहन्छौं ।

शान्ति सुरक्षा तपाईंको अधिकार हो, तपाईंको अधिकारको रक्षा गर्नु हाम्रो कर्तव्य हो !!

**हाम्रो हटलाइनः ९८५१२-८३८३५, ९८६०-३१२२१०, ९८६०-३१२२१३**
**प्रहरी अतिरिक्त महानिरिक्षकः ९८५१२-९८८८८**
**E-mail mpco_secretariat@nepalpolice.gov.np**

प्रवक्ता
( हेमन्त बहादुर पाल )
प्रहरी वरिष्ठ उपरीक्षक
महानगरीय प्रहरी आयुक्तको कार्यालय
रानीपोखरी, काठमाडौं